डिलासैनी गाउँसभाको बैठकमा २०८२ साल आषाढ १० गते

सोमबार

सन्तोष प्रकाश जोशी ज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

डिलासैनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

डिलासैनी गाउँपालिका

सभाका आदरणीय सदस्य ज्यूहरु तथा अतिथी महानुभावहरु,

डिलासैनी गाउँपालिकाको आ॰व॰ २०८२/०८३ को नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, बहुक्षेत्रीय पोषण योजना, नेपाल सरकारको सोह्रौ योजना, योजना तर्जुमा दिगदर्शन २०७४(परिमार्जित), संघीय/प्रदेश सरकारका मार्ग दर्शन तथा प्रथमिकताहरु, डिलासैनी गाउँपालिका पंचवर्षी आवधिक योजना, १० वर्षे शिक्षा रणनीति, प्रदेश नीति योजना आयोगको पन्चवर्षीय योजना, तथ्याङ्क कार्यालयका प्रतिवेदन, अन्तराष्ट्रिय सन्धी, सम्झौता, सामाजिक न्याय, संवैधानिक निकायका रुपमा रहेका राष्ट्रिय योजना आयोग लगायत विभिन्न आयोगहरुको प्रतिवेदनहरु, राष्ट्रिय गाउँपालिका महासंघका दस्तावेजहरु तथा यस गाउँपालिकाको आवश्यकता समेतलाई आधार मानि कतिपय कानुनी अस्पष्टता, जटिलताका साथै सिमित श्रोत साधनका बावजुत यस गाउँपालिका बासी आमाबुवा, दाजुभाई दिदीबहिनीहरुले व्यक्त गरेका ईच्छा, चाहनाहरु र समग्र पालिकाको आवश्यकता विशिष्टता, कार्य बोझ र विशेष जिम्मेवारी, राजस्व तथा कोषहरुको सिमितता समेतको आधारमा यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधिनता, अखण्डता, राष्ट्र हित, स्वाभिमान लोकतान्त्रीक गणतन्त्र नेपालका जनजीविकाका लागि भएका सम्पूर्ण अधिकारवादी आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गरी सामाजिक र आर्थिक रुपान्तरणका लागि योगदान पुऱ्याउनु हुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छौ ।

नेपाल सरकारले लिएको सुशासन, विकास, सामाजिक न्याय र समृद्धि सहितको दृर्घकालीन राष्ट्रिय सोचलाई आत्मसात गर्दै डिलासैनी गाउँपालिकाले पनि दिगो विकास, सुशासन, समृद्धि र सामाजिक न्यायको लागि संघर्ष गर्दै आएको छ। आ.व. २०८१/०८२ मा राष्ट्रिय योजना आयोग बाट प्राप्त रू ३ करोड २५ लाखले वडा नं. २ लाई एक घर एक धारा सुनिश्चित भएको वडा र ३, ६, ५ र वडा नं. ७ का लागि एक घर एक धारा अभियान संचालन गई रहेका छौ । सो निर्माण कार्य ठेक्का मार्फत गरेको र ठेक्का बाट बचत रकम को पुनः ठेक्का सम्झौता बमोजिम निर्माण कार्य भइरहेको छ । त्यसै गरी राष्ट्रिय योजना आयोगसँगको आर्थिक सझेदारीमा सडक निर्माणका लागी प्राप्त रु १ करोड ५० लाखमा गोकुलेश्वर कृषि क्याम्पस नगराउँ सडक डबल कटिङको कार्य देउझाडी सेरा करकले नागिनी सडकको डबल कटिङ एवम् स्तरोन्नती कार्य थालनी गरीएको छ।

कार्यपालिकाको प्रस्ताव बमोजिम  डिलासैनी गाउँपालिकाको भवन निर्माण गर्नका लागि राष्ट्रिय योजना आयोगबाट बहुवर्षिय योजना अन्तरगत कुल लागत रु ७ करोड मध्ये पहिलो वर्षमा रु १ करोड २२ लाख समपुरक अनुदान र मगरौ खोला सियर वाल निर्माणका लागि रु ८५ लाख विशेष अनुदानमा रकम सुनिस्चित गरिएको छ। प्रदेश निति योजना आयोगका तर्फबाट हामीले प्रस्ताव पेश गरी प्रस्तावित ३० प्रतिशत साझेलारी हुने गरी हरिनगर खेलमैदान तथा रंगशाला

निर्माण रु ४५ लाख, सेरा र नागिनी लिफ्ट सिचाँई योजना रु ६३ लाख र डिलासैनी गाउँपालिकाका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार कार्यक्रम रु ४५ लाख र डिलासैनी गाउँपालिकाका असल आमा समूहमा कार्य गर्ने गरी उद्यमशीलता विकास कार्यक्रम र एकिकृत सामुदायिक तथ्याङ्क अद्यावधिक कार्यक्रमका लागि रु ५५ लाख प्रदान गर्न स्रोत सुनिस्चित भएको छ। डिलासैनीको उद्यमशीलता, सिचाँई, खेल जगत, सामुदायीक विद्यालयको गुस्तर सुधार गर्न र  दिगो विकास लक्ष्य हासिल गर्न आकारमा बजेट सानो देखिएता पनि हाम्रो निमित्त डिलासैनी समृद्धिको आधार वर्षको रुपमा २०८२।०८३ हुनेछ। हामी उक्त दुवै आयोग तथा पदाधिकारीहरु लाई प्राथमिकीकरणमा निस्पक्षता र बस्तुगत तथा वैज्ञानिक पहल कदमी र निर्णयको उच्च प्रसंशा ब्यक्त गर्दछौ।

देउझाडी, सेरा, नगराउ डिलासैनी सडकलाई बार्है महिना संचालनमा ल्याउन हामीले ठुलो पुजी परिचालन गरिरहेका छौ, गाउँपालिका सदरमुकामको लाइफलाइन रोडको रुपमा स्वयं गाउँपालिका ,प्रदेश सरकार, संघ र जनताको रगत पसिनाको सिंचित भएर श्रमदानको नमुना सफल मोडेल भनेर गर्व गरिने राष्ट्रिय राजमार्ग देखि गाउँपालिका केन्द्र जोड्ने सडक अझै सुरक्षित र गुणस्तरीय बनाउन धेरै मिहेनत गर्नु पर्नेछ बैकल्पिक सडकको रुपमा रहेको रुद्रेश्वोर डिलासैनी मठैराज सडक आयोजना, गोकुलेस्वर कृषी क्याम्पस नेगाउँ नगराउँ सडक आयोजना, बासिगाउँ  दौतला आँधिखोला सडक, देउझाडी, सेरा करकले सडक, धामिगाउँ ढाण नुवाकोट सडक, बाइम मनेकुडा बलाली डाडाबाग सडक, बुढाचौर (बसन्तपुर) भमक सडकहरुको स्तरोन्नतिका लागी हाम्रो पालिकाको श्रोत परिचालन गर्दै आएका छौ ।

धार्मिक पर्यटकीय क्षेत्रको रुपमा परिचय स्थापित गर्ने योजनामा रहेको खुमट भगवती मन्दिर सम्म सहज सरल र स्तरीय यातायात सुविधाका लागी खिलगाड खुमट सडक आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। डाफे र मुनाल संगै लोपोन्मुख बनस्पति पाइने क्षेत्र तथा माछा पकेट क्षेत्रको रुपमा घोषणा गरिएको जमाडीगाड, गन्निगाड र चौलानी नदीको मिलन बिन्दु गन्ना देखि गनैखान सडक आयोजना सम्पन्न भएको छ र स्तरोन्नतिका लागि सरोकारवाला मन्त्रालय तथा कार्यालय सँग समेत आवश्यक पहल पर्यत्न र लगानी संगै गन्ना गनैखान सडकलाई पालिका गौरब आयोजनाको रुपमा राखिएको छ।

नेपाल टेलिकम सँगको निरन्तर सहकार्यबाट वडा नं. १ गनैखानमा ब्याट्री फेर्ने कार्य, वडा नं. २ को सल्लेवन, ६ नं. वडाको चमकपुर, ४ नं. वडाको हाडाकोट र ७ नं. वडाको जाडिकोटमा टावर निर्माण तथा अन्य उपकरण जडानको कार्य भई फोरजी सेवा २४ सै घण्टा संचालनमा आएको छ।

पालिकाको तर्फबाट विनियोजित बजेट कार्यान्वयन हुन सकेमा हाम्रो पालिकाको केन्द्र डिलासैनीमा प्रस्तावित १० सय्याको डिलासैनी अस्पताल, ७ वटै वडा कार्यालयहरु, रेडियो डिलासैनी, स्वास्थ्य

संस्थाहरु लगायत सबै बिद्यालयहरुमा द्रुत गतिको ईटरनेट अप्टिकल फाइबर जडान कार्य संचालनमा रहेको सो कार्यबाट सबै जनतालाई प्रत्यक्ष लाभान्वित भएका छन ।

डिलासैनी अस्पतालबाट X-ray, Lab, ECG सँगै चिकित्सयी सेवा र रुद्रेस्वर स्वास्थ्य चौकिबाट थप Lab सेवाले पनि जनतालाई राहात महसुस भएको छ।गाउँघर क्लिनिक, बर्थिङ सेन्टर, स्वाथ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड कायम गर्न र गुणस्तरीय औषधिको व्यवस्था तथा विशेष स्वस्थ्य शिविरले जनताको स्वास्थ्य प्रति चासो उजागर भएको पाएका छौ।

दुर्गा मावि सिमार नमुना विद्यालयको भौतिक र वित्तीय प्रगति पनि आसातित रुपमा संरचना निर्माण र ल्याव व्यवस्थापन कार्यहरु अन्तिम अवस्थामा पुगेको देखिन्छ।

हामीले पालिका स्तरीय नमुना विद्यालयको रुपमा उद्घोष गरेका सरस्वती मावि नानरा र सेटी गाउँ मावि ककरपाखा, शिक्षा केन्द्र अमर मावि धामीगाउँ, मण्डेश्वरी मावि धावलाले संस्थागत परिचय स्थापित गरिरहेका छन।

डिलासैनी गाउँपालिकाको आफ्नै लगानीमा रेडियो डिलासैनीले डिलासैनी आवाज Online संचालनमा आएको छ।यसलाई थप व्यवस्थित बनाउन आवश्यक तालिम संचालन गरिनेछ। पालिकाको सम्पतिको रुपमा रहेका हेभी इक्कुमेन्टहरु स्काभेटर र व्याक्हो लोडरलाई पारदर्षी रुपमा संचालनमा ल्याउन सक्दा हामीले सोचेका, खोजेका र आवश्यका भएका टोलटोल सम्म सडक पहुँच स्थापित हुने छन, साथै पालिकाको आन्तरिक आम्दानी र नयाँ स्रोत बन्नेमा दुइमत नहोला।नेपाल विद्युत प्राधिकरणको समन्वयमा प्रसारण गरिने विद्युतका सम्बन्धमा तालुकदार निकाय, कार्यालय तथा मन्त्रालयबाट २ वर्ष भित्र घरघरमा विद्युतीकतर हुने प्रसस्त आधारहरु रहेका छन ।बहुउदेशीय, बहुवर्षीय निर्माण कम्पनीले कुनै पनि घरधुरी नछुट्ने गरि विद्युतीकरण गर्ने प्रतिबद्धता गरेको छ ।हाम्रा अध्यारा बस्तिहरुमा उज्यालो ल्याउन जनप्रतिनिधि सदैब प्रतिज्ञ छौ ।विश्व बैंक र एसियन विकास बैंकका प्रमुख तथा प्रतिनिधि ज्युहरुसंग प्रदेश सरकारका माननीय मन्त्री ज्युहरुको उपस्थितिमा देउझाडी, सेरा, नगराउ, धामीगाउँ सडक कालोपत्रे हुनेगरी स्तरोन्नति गर्न प्रारम्भिक अन्तरक्रिया सम्पन्न भएको छ ।सहरी विकास मन्त्रालयबाट रु ८ करोड भौतिक पूर्वाधार मन्त्रालयाबाट रु २ करोड सहलगानी सहित विश्व बैंक(World Bank) ले यसै आ व मा सडकको कालो पत्रे कार्यान्वयन गर्न उपयुक्त कदम चालिनेछ ।जग्गादाता मानुभावहरुबाट सडक निर्माण मापदण्ड बमोजिम सडक निर्माण कार्य गर्न पत्राचार तथा सम्बन्धित वडा कार्यालयहरुबाट जग्गाधनीहरुसंग सहमति प्राप्त भैसकेको छ। यस चरण सम्मको उपलब्धि हासिल गर्न देउझाडी, सेरा, नगराउ, डिलासैनी, बाइम, मनेकुडा ढाँण हुदैं डाडाबाग सम्मको डी.पी.आर गर्न सहयोग गर्नुहुने तत्कालिन पूर्वाधार विकास कार्यालय बैतडी क्षेत्रीय निर्देशनालय र भौतिक पूर्वाधार मन्त्रालयको राजनीतिक र राष्ट्रसेवक कर्मचारी ज्यूहरुलाई स धन्यबाद स्मरण गर्दछौ ।

दलित ससक्तिकरण विकास समिति मार्फत टोल तहसम्म ४० समूह निर्माण असल आमा समूह मार्फत २५-५० घरधुरीको एउटा समूह हुने गरि ३७ आमा समूह गठन तथा परिचालन. स्काउट मार्फत विद्यालयमा स्काउटिंग, खेलकुद विकास समितिको नेतृत्वमा डिलासैनीको असल पहिचान र अनुशासित खेलाडी उत्पादन सामुदायिक विद्यालयहरुको भौतिक गुणस्तर सुधारका लागि सहकार्यरत संस्था, कारखानाको नेतृत्वमा स्टिम क्लव गठन, Makerspace स्थापनाले हामीलाई हाम्रो सन्ततिहरुको क्षमताको प्रस्फुटन गराएको छ ।स्वयंसेवकको प्रत्याभूति र खटन कार्यको परिभाषा स्वयमसेवक संयोजकले प्रस्तुत गर्नु भएको छ ।गङ्गा दशहराका दिन सार्वजनिक विदा नै दिएर चर्मण्वती सभ्यता तथा चौलानी नदी स्वच्छता अभियानका लागि उदगम क्षेत्र पिल्कनदह अपिहिमाल संगै नदि तटीय क्षेत्रका ६ वटा पालिकाहरु मार्मा गाउँपालिका, शैल्याशिखर नगरपालिका, लेकम गाउँपालिका दोगदाकेदार गाउँपालिका दशरथचन्द नगरपालिका, सम्मेलित रही साझा कार्यदिशा र नेपाल भारत काव्य गोष्ठी र अन्तर्राष्ट्रिय साहित्य सम्मेलन तथा अन्तराष्ट्रिय काव्यगोष्ठी मार्फत डिलासैनी गाउँपालिकाले दिगो विकास र साझा हित कार्यमा भाबी पुस्तालाई स्वर्णिम प्राकृतिक उपहार हस्तान्तरंमा अग्रणी स्थानमा दर्जा गराउन सफल भएको यथार्थ राख्न चाहन्छौ ।

डिलासैनी गाउँपालिकामा संचालित असल आमा समूह, दलित सशक्तिकरण विकास समिति, युवा स्वयंमसेवक, स्काउट, युवा परिषद, खेलकुद विकास समितिलाई पुनःगठन र पूर्णता प्रदान गर्ने तथा गाउँपालिकाको विभिन्न कार्यक्रममा सक्रिय गर्ने नीति लिइनेछ ।

अमर सहिद दसरथचन्द, समाजसेवी पृथ्वी राज अवस्थी, साहित्यकार आनन्द देव भट्ट, लोक कलाकार झुसे दमाइ, प्रथम महिला मन्त्री द्वारिका देवी ठकुरानी, साहित्यकार राष्ट्रवादी नेता प्रेम सिंह धामी, इतिहासकार आत्माराम ओझा, साहित्यकार देवराज भट्ट शर्मा, समाज सूधारक छन्ना देवी तिन्करी, साहित्यकार बाशुदेव भट्ट भाइसाप, इतिहासकार डा.देवी प्रसाद ओझा, रास्ट्रवादी नेता बाहादुर सिंह ऐतुवाल, विशिष्ट व्यक्तित्वहरुको नामबाट स्थापित सम्मान कार्यले डिलासैनीलाई बृहत बनाएको छ।

कर्मचारी नियुक्तिको अख्तियारी प्राप्त संघीय मामिला मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतको खटनपटन समयमै उचित व्यवस्थापन गर्न नसक्दा पालिकाको नियमित प्रशासनिक तथा आर्थिक कार्यहरू प्रभावित वन्न पुगेको र दरवन्दि तेरीज अनुसार जनशक्तिको समुचित व्यवस्थापन नभइ दिदा सार्बजनिक निर्माण कार्य र प्राकृतिक स्रोत साधनबाट उपलब्ध हुने आन्तरिक आम्दानीमा समेत प्रभाव परेको स्मरण गराउँदछु। तथापी महत्वपुर्ण जिम्मेवारीमा रहनु भएका सवै शाखाका शाखा प्रमुख ज्यु हरुको कार्य कुशलता तथा अहोरात्र खटाईले राष्ट्रिय योजना आयोग, संघिय मन्त्रालयहरु, प्रदेश मन्त्रालयहरु, प्रदेश निति योजना आयोग बाट बिशेष र समपुरक एवम् शसर्त योजनाहरुका सम्पुर्ण बजेट तथा कार्यक्रम र पालिका तथा जिल्ला स्तरीय खेलकुद लगायत विकास निर्माणका कार्यहरु सञ्चालनमा ल्याउन सफलता प्राप्त गरेका छौं। यस क्रममा सम्बद्ध राष्ट्र सेवक कर्मचारी साथिहरु र जनप्रतिनिधी ज्युहरुलाई आभार व्यक्त गर्दछु।

हामीले विगतका बर्षहरुमा हासिल गरेका अनुभवका आधारमा हामीमाझ व्याप्त समस्याहरुलाई न्युनिकरण गरी विकास र समृद्धीका लागि अझै एकजुट भएर अहोरात्र खटिनुपर्ने अवस्था छ । हामीसंग प्रसस्त अवसरहरु छन अवसर संगै समस्या र चुनौती पनि थपिएका छन । डिलासैनी गाँउपालिकालाइ कसरी देशकै नमुना गाँउपालिका बनाउन सकिन्छ भन्ने तर्फ सम्पूर्ण डिलासैनी परिवार सदैव दृढतापूर्वक सक्रिय छ । अधिकार र विकासका नयाँ आयामहरुको प्राप्त सँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र डिलासैनी गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफू र यस सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाजका अभियन्ताहरु, स्वदेश तथा विदेशबाट उर्जा, जोश, जागर, अनुभव हस्तान्तरण गर्नु हुने शुभेच्छुकहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, पत्रकार, समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्षको अन्त्यमा डिलासैनी गाउँपालिकाले देहायका विषयगत क्षेत्रमा निम्नानुसारको अपेक्षित उपलब्धी हासिल गरेको हुने छ ।

**क) आर्थिक विकास**

**१.कृषि**

१. भू उपयोग योजना र भू वर्गीकरण गरि कृषि व्यवसायमा विशेष जोड दिईनेछ ।
२. खाद्य सुरक्षा नीति कार्यान्वयनमा ल्याईनेछ ।
३. कृषि तथा पशुपन्छी मेला, कृषि बीमा र घोडा प्रदर्शन तथा दौड प्रतियोगिता कार्यक्रम संचालन गरिनेछ ।
४. धान/रोपाई दिवस लगायत अन्य विशेष दिवसका अवसरमा सम्बन्धित कार्यक्रम संचालन गरिनेछन ।
५. मौसमी र बेमौसमी तरकारी बिउ बिजन र फलफुल वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।
६. माटो परिक्षण गरि वातावरण अनुकुलको माटो सुहाउँदो खेती संचालनमा ल्याइनेछ ।
७. उत्पादनमा आधारित अनुदान दिइनेछ ।
८. असल आमा समूह, टोल विकास समिति, वि व्य स आदि मार्फत रैथाने बाली प्रवर्द्धन र स्थानीय उत्पादन आधारित दिवा खाजा र सरकारी कार्यालयमा स्थानीय उत्पादनको प्रयोग गर्ने नीति ल्याइनेछ ।
९. अनुगमन, अध्ययन भ्रमण संचालन गरिनेछ ।

डिलासैनी गाउँपालिका

१०. समयमै कर्मचारी तलब भत्ता र कृषक तथा कृषि समूहका लागि यान्त्रिकरणमा विशेष जोड दिइनेछ ।

११. एक वडा एक उत्पादन क्षेत्रको अवधारणालाई निरन्तरता दिइनेछ ।

१२. एक टोल एक सामूहिक कृषि उत्पादनको नीतिलाई निरन्तरता दिइनेछ ।

१३. नवप्रवर्धनमा आधारित उद्यम जस्तै मह, कफि, अमला, अचार, मालुका पातमा बेरेको गुड आदिमा प्रोत्साहन दिइनेछ ।

१४. तरकारी, फलफूल, दुध, अण्डा, माछा मासु र रैथाने जातका अन्य पशुपन्छीका क्षेत्रमा कृषकहरुलाई आत्मानिर्भर बनाउने नीति ल्याइनेछ ।

१५. कृषक समूह, व्यवसायिक कृषक, कृषि/पशु फर्म र समितिहरुलाई कृषि सम्बन्धि तालिम, गोष्ठी, भ्रमणमा सहभागी गराई क्षमतामा अभिवृद्धि गरिने छ ।

१६. किसानहरुलाई मल, सिजन अनुसार बिउ, रोगका आधारमा औषधी, मौसम/वातावरण र माटो सुहाउँदो फलफूलका विरुवाहरु, भुई घाँस, डाले घाँस, प्रजननका लागि उन्नत बोका, राँगा किसानहरुलाई उपलब्ध गराई उत्पादनमा बृद्धि गरि पोषणका साथै जिविकोपार्जनमा सुधार गरिने छ ।

१७. "उत्पादन साथमा अनुदान हातमा" भन्ने नाराका साथ व्यवसायिक कृषक, फर्म, समूह समिति, र कृषि सहकारीहरुलाई उत्पादनका आधारमा अनुदान र सहुलियतपूर्ण ऋण कार्यक्रमहरु, स्थायी पोलि हाउस, बीउ, कृषि औजार तथा यान्त्रीकरण, डेरी उद्योग, कटिङ्ग सेन्टर र कृषि तथा पशु पशुपन्छि विमा जस्ता कार्यक्रमहरुलाई टेवा दिई अनुदान उपलब्ध गराईने छ ।

१८. उन्नत तरकारिको मिनिकिट बीउ (वर्षे, हिउँदे र सुख्खा) तीन वटै सिजनका बीउ, किट नाशक र रोग नासक विषादिहरु, पशु सम्बन्धि औषधि र विभिन्न किसिमका महामारी रोगहरका खोपहरु निःशुल्क उपलब्ध गराईने छ ।

१९. कृषि र पशु पालन सम्बन्धि प्राविधिक सुझाव र सल्लाहहरु कृषक समूह, समिति कृषि तथा पशु पन्छि फर्म र कृषि सहकारीमा घुम्ती शिविर संचलान गरि सेवा प्रभाव गरिने छ ।

२०. गोकुलश्वर कृषि तथा पशु विज्ञान कलेज र श्री सेटीगाउँ मा.वि.सँगको सहकार्यमा खेतीयोग्य जमिनको माटो परीक्षण, कृषि पाठशाला एवम कृषि सम्बद्ध तालिम, अध्ययन, अनुसन्धान गरिनेछ ।

२१. कृषिमा यान्त्रिकरण तथा आधुनिकीकरणका साथै अर्गानिक कृषि उपज उत्पादन ब्रान्डिङ तथा बजारीकरणमा जोड दिइनेछ ।

२२. हाम्रो जमीन, हाम्रो लगानी र हाम्रो श्रम रहन दिने छैनौं कतै बाँझो जमीन, भन्ने नाराका साथ सार्वजनिक तथा निजि उर्वर जमिनको लगत संकलन र नक्सांकन गरी माटो सुहाउँदो फलफुल, दलहन, तेलहन उत्पादनमा जोड दिइनेछ ।

२३. जमाडीगाड, गन्नीगाड र चौलानी नदी किनारमा संभाव्यता अध्ययनबाट प्राप्त प्रतिवेदनका आधारमा व्यवसायिक मछ्यपालन कार्यका लागि कृषकहरुलाई प्रात्साहन गर्ने कार्यक्रम संचालनमा ल्याइनेछ ।

२४. गाउँपालिका क्षेत्रभित्र स्थापना भएका संकलन केन्द्रहरुलाई नियमानुसार पालिका मातहत ल्याई सञ्चालनमा ल्याइनेछ ।

२५. व्यवसायिक किसानहरुको तथ्याङ्क संकलन गरि किसान परिचयपत्र वितरणका साथै वित्तीय संस्था मार्फत अनुदान एवम् सहुलियतपूर्ण कर्जाका लागि ग्राहयता दिइनेछ ।

२६. खाद्य सामग्रीको उत्पादनमा वृद्धि गरि आयातलाई न्यूनीकरण गर्ने नीति ल्याइनेछ ।

२७. शितगृह निर्माणका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२८. भू उपयोग योजना अनुसार एकिकृत बस्ति विकास गरिनेछ ।

२९. प्रांगारिक मल संकलन उत्पादन र प्रयोगमा जोड दिइनेछ र क्षेत्र निर्धारण गरि ओर्गानिक र खाद्य पदार्थ प्रमाणिकरण कार्य शुरु गरिनेछ ।

३०. आत्मनिर्भर अर्थतन्त्रको आधार, स्वदेशमै उत्पादन र रोजगार नारालाई व्यवहारमा ल्याइनेछ ।

३१. Herbal Plants/औषधिजन्य जडिबुटी र बोटबिरुवा को व्यवसायिकरण गर्ने नीति ल्याइनेछ ।उक्त कार्यका लागि श्री सेटीगाउँ मावि ककरपाखा र गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेजको प्राविधिक सहयोग लिइनेछ ।

३२. अनुसन्धान तथा तालिम केन्द्र स्थापना गरिनेछ ।

३३. राष्ट्रिय फुल लालिगुराँसको उत्पादन पारिचालन तथा अनुसंन्धान कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३४. औषधीजन्य जडीबुटि र बहुमूल्य वनस्पतिको संस्थागत विकास गर्ने नीति ल्याइनेछ ।

३५. दुना टपरी - सालको पातको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३६. दलहन प्रवर्द्धन कार्यक्रम (मास, भटमास, मसुर, गहत) संचालन गरिनेछ ।

३७. तेलहन बाली (तोरी, सरस्यु, चिउरी आदि)प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

३८. मसला बाली(अदुवा, लसुन, बेसार, टिमुर, अलैंची, प्याज, धनियां, डल्लेखुर्सानी, दालचिनी, कफि, चिया बगान विकास आदि) प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

३९. अमला खेती कार्यक्रम संचालन गरिनेछ ।

४०. मौरीपालन पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।

४१. कुकुरपालन (सेतो जातको जपनीज स्पीश, भोटे जर्मनसेफर्ड आदि) को व्यवसायिकरण गर्दै उद्यमीलाई प्रोत्साहन गरिनेछ ।

४२. प्रयोगशालाका लागि आवश्यक औजार उपकरण केमिकल खरिद गरि आरन सुधारका साथै कृषि यान्त्रिकरण कार्यक्रम संचालन गरिनेछ ।

४३. डिलासैनी गाउँपालिकालाई Fruits Garden Kingdom को रुपमा Branding गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**२.सिचाँई**

१. सिचाँई पाइप केन्द्रीकृत रुपमा खरिद गरि वितरण गरिनेछ ।
२. नहर मर्मत कुलो निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।
३. कृषि उत्पादकत्व बृद्धिमा सहयोग पुऱ्याउन सिचाँई नपुगेका खेतवारीलाई लक्षित गरी साना सिचाँई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाईनेछ।
४. कृषि योग्य जमिनहरु तथा कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विभिन्न परम्परागत र आधुनिक प्रविधिको माध्यमबाट खेर गएको पानीलाई उपयोग गरिनेछ।
५. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी विद्युत तथा सोलारबाट सञ्चालन हुने गरि लिफ्ट सिचाँइलाई विशेष जोड दिइनेछ।

६. प्रदेश वा संघबाट सञ्चालित कृषि पकेट क्षेत्रहरुमा सिचाँईको उचित व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।
७. प्रदेश वा संघबाट संचालन हुने सिचाँई आयोजनाको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषणमा पालिकाको प्रत्यक्ष नियन्त्रण राखी गुणस्तर निर्धारणमा जोड दिइनेछ ।
८. गाउँपालिका क्षेत्रमा कृषी उत्पादन हुने जग्गा जमिनहरुमा सिचाइ सुविधा पुर्याउन बिभिन्न साझेदार संस्थाहरूसंगको साझेदारीमा आयोजनाहरू निर्माण गर्ने नीति लिईएको छ ।
९. सिचाइ योजना सहितको बहुउपयोगी योजना निर्माणमा सहकार्य साझेदारी गर्ने नीति लिईएको छ।
१०. माटोको प्रकृती, जग्गाको धरातलिय अवस्थितिका आधारमा सिचाइका विभिन्न प्रविधीहरु जस्तै पाईप सिचाइ, पोखरी सिचाइ, थोपा सिचाइ, लिफ्ट सिचाइ आयोजना संचालन गर्ने सहकार्य गर्ने नीति लिईएको छ।
११. कृषकहरुको आयआर्जनमा टेवा पुर्याउन सिचाइ सुविधा भएका जमिनहरुमा जलवायु मैत्री कृषी प्रणाली तथा कृषी वन विकासका गर्ने नीति लिईएको छ।

**३. पशुपंक्षी तर्फ**

१. किसानको आवश्यकताका आधारमा औषधी खरिद र ल्याब स्थापना लगायतका सेवा विस्तार गरिनेछ ।
२. पशु बिमा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
३. पशु प्राविधिक तलब भत्ता समयमै भुक्तानी गर्ने व्यवस्था गरिनेछ ।
४. गाउँपालिका क्षेत्र भित्र स्थानीय सम्भाव्यताका आधारमा कुखुरापालन, कालिजपालन, भैंसीपलन, माछापालन, कुकुरपालन लगायतका व्यवसायिक पशुपालनलाई प्रवर्द्धन गरिनेछ।
५. वडा तथा पालिकालाई पशुपन्छी जन्य उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक नीति अबलम्वन गरिनेछ ।
६. Commercial Farming/Livestock कार्यक्रम कार्यान्वयन गरिनेछ ।
७. कृषि तथा पशुजन्य व्यवसायमा युवाका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गरिनेछ ।

**४.बैंक तथा सहकारी**

१. पालिकाबाटै बैंकिङ सेवा प्रारम्भ गर्ने व्यवस्था गरिनेछ ।
२. बैंक खाता अभियान संचालन गरिनेछ ।
३. वित्तीय साक्षरता कार्यक्रम कार्यान्वयन गरिनेछ ।
४. बचत गर्ने बाँनीको विकास गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछन ।
५. सहकारी सूचीकृत गर्ने कार्य गरि तालिम संचालन गरिनेछ ।
६. वित्तीय संस्थाःसहकारी युवा उद्यमी र बैंकसँग सहुलियतपूर्ण कर्जाका लागि त्रीपक्षीय सहमति गरि सहलगानीमा घुम्ती वित्तीय कोष संचालन गर्न विशेष स्वरोजगार कोष स्थापना गरिनेछ ।
७. शाखा रहित बैंक मार्फत प्रवाह हुने सेवालाई प्रभावकारी बनाउने नीति ल्याइनेछ।
८. कुमारी बैंकको शाखा गापाको प्रमुख प्रशासकीय भवन परिसरमा रहने व्यवस्था गरिनेछ ।

९. प्रत्येक वडामा कम्तीमा एक/एक वटा ऋण तथा बचत र बहुउद्धेश्यि सहकारी स्थापना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०. युवा उद्यमीका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

११. राजस्व चुहावट रोक्न व्यवसायीहरुलाई विद्युतीय एवं सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी करदातालाई पालिका अन्तरगत रहेका ८ वटा संकलन केन्द्र मार्फत वा स्थानीय राजस्व पोर्टल मार्फत आफैले राजस्व जम्मा गर्ने प्रणालीलाई पूर्ण रुपमा लागु गर्न प्रोत्साहित गर्ने नीति ल्याईनेछ ।

१२. हरेक आर्थिक कारोबार वित्तिय संस्था मार्फत गर्ने नीति ल्याइनेछ ।

१३. आम्दानी तथा बचत गर्ने बानीको विकास गर्न स्वदेशी उत्पादन प्रयोग गर्न आर्थिक रुपमा मितव्ययी गराउने नीति ल्याइनेछ ।

## ५. उद्योग/बाणिज्य/आपूर्ति

१. एक वडा एक उत्पादन कार्यक्रम संचालनमा विशेष जोड दिइनेछ ।

२. असल आमा उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ ।

३. साना मझौला तथा घरेलु व्यवसायीलाई सीप हस्तान्तरण घुम्ती कोष मार्फत युवाका लागि सहुलियत ऋणमा व्याज अनुदान कार्यक्रम संचालन गरिनेछ ।

४. गाउँपालिका स्तरीय उद्योग ग्राम खोल्न आवश्यक पहल गरिनेछ।

५. उत्पादित जलविद्युत परिचालन, व्यवस्थापन, नियमन, संरक्षण र उपयोग गरी बचत विद्युत विद्युत प्राधिकरणलाई बेच्ने प्रवन्ध गर्न पालिकाले समन्वय गर्नेछ।

६. १ वडा १ उत्पादनका लागि प्रति वडा ५ जनालाई SYB/GYB & Strength Your Business का लागि विशेष प्याकेजको व्यवस्था(Product Production, Branding , Value Add, Markting, Soft Loan etc.) गरिनेछ ।

७. दैनिक उपभोग्य वस्तु जस्तैःसाबुन, सोडा, मैनबत्ती, अगरबत्ती तथा सामाजिक, सांस्कृतिक कार्यमा जस्तैः जनै, दुबधागो, दुना टपरी आदि आवश्यक पर्ने वस्तु उत्पादनका लागि प्रोत्साहन गर्ने नीति ल्याइनेछ।

८. चौमासिक कार्यतालिका बनाई सीपमूलक तालिम संचालन गरिनेछ ।

९. स्वदेशमै कान गर्न चाहने श्रममा विश्वास र सम्मान गर्ने उद्यमीका लागि Hair cutting, Mobile Repairing, Cooking, Waiter, Hotel Management, Automobiles आदि तालिम संचालन गरिनेछ ।

## ६. पर्यटन/संस्कृति

१. विशिष्ट व्यक्तित्वहरुको सम्मान कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

२. चर्मण्वती साहित्य सम्मेलनले जारी गरेको घोषणापत्र कार्यान्वयन गरिनेछ ।

३. प्रतिभा पहिचानका लागि विभिन्न विधामा पालिका स्तरीय प्रतिस्पर्धा प्रविधिको प्रयोग मार्फत डिलासैनी चिनाउन रिल कम्पिटिशन गराई डिलासैनी आईडल घोषणा गर्ने कार्य गरिनेछ ।

४. भिडियो प्रमोशन गर्न विभिन्न प्रतिस्पर्धाहरु गरिनेछ ।

५. फुट ट्रेल नक्सांकन निर्माण र होमस्टे संचालन गर्ने तथा अपि सैपाल हिमालको बेश क्याम्पको रुपमा डिलासैनीलाई स्थापित गर्ने नीति लिइनेछ ।

६. पर्यटनका लागि महत्वपूर्ण मन्दिर क्षेत्रको अभिलेखिकरण गरिनेछ ।

७. पर्यटन गुरुयोजना तयार गरिनेछ ।

८. पालिका भित्रको भ्रमण मार्फत पर्यटन प्रवर्द्धन गर्नका लागि कमर्चारीहरुलाई वर्षमा १ दिन विदा दिने गरि पर्यटकीय स्थल सूचीकरण गरिनेछ ।

९. गंगादशहरामा सार्वजनिक विदा दिइनेछ र उक्त दिनलाई नदी दिवसको रुपमा मनाउने गरी विविध कार्यक्रम आयोजना गरिनेछ ।

१०. गाउँपालिका भित्र पर्यटकीय सम्भावना बोकेका ७ वटै वडामा धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरुको संरक्षण सम्बर्द्धन गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

११. मसानघाट सुधार तथा व्यवस्थापनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

१२. धामीझाँक्री, ज्योतिष पण्डितहरुसँगको सहकार्यमा सामाजिक रुपान्तरण तथा लोककल्याणकारी राज्य निर्माण गर्न प्रतिष्ठीत धार्मिक, सामाजिक व्यक्तिहरुको सञ्जाल निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

१३. देउझाडी धार्मिक पर्यटन विकास कार्यक्रम संचालन गरिनेछ ।

१४. दमाहा बाजा प्रवर्द्धन कार्यक्रम अन्तरगत दमाहा बाजा प्रतियोगिता आयोजना गरिनेछ ।

१५. चर्मण्यावती साहित्य सम्मेलन कार्यक्रम संचालन गरिनेछ । स्वदेशी तथा विदेशी साहित्य सर्जकहरु मार्फत कला धर्म संस्कृति संस्कार सभ्यताको आदानप्रदान गरिनेछ ।

१६. सबैभन्दा अग्लो क्षेत्र मज्युने(झले) डाँफे र मुनाल पाईने तथा लोपोन्मुख एवम् संरक्षीत वनस्पति पाईने महत्वपूर्ण क्षेत्र घोषणा गरि उपयुक्त कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

१७. दोगडाकेदारको सिमाना धौलीढुङ्गा र पन्ज्युनयाँ, शैल्याशिखरको गोकुलेश्वर, बुंगलको गनैखान, मार्मा दार्चुलाको दुनी र शैल्यशिखरको बलाँचमा विशेष गेट निर्माण गर्ने र उक्त क्षेत्रमा विकास साझेदारीका लागि आवश्यक पहल गर्ने ।

१८. देउझाडी, खुमट र डिलासैनी भगवती कर्णकिदार मन्दिरको धार्मिक तथा सांस्कृतिक महत्व झल्कने कार्यक्रम संचालन गरिनेछ ।

१९. समैजी मन्दिर भम्के ढुङ्गा, कर्णकिदार मन्दिर, कफलासैनी मन्दिर, डिलासैनी भगवती मन्दिर, डिंकोट शिवधार, मठैराज लगायत डिलासैनीका सबै धार्मिक पर्यटकीय स्थलहरुको डिपिआर र इतिहास अध्ययन गरिनेन्छ ।

**ख) वातावरण तथा विपद् व्यवस्थापन**

**१.वन**

१. सामुदायिक वन र नीजि वन संरक्षण तथा प्रवर्द्धन गरिनेछ स्थान विशेष अमूल्य वृक्षारोषण कार्यक्रम संचालन गरिनेछ ।

२. जडिबुटीजन्य वनस्पतिको खोज अनुसन्धान र व्यवसायिकरणमा जोड दिइनेछ ।

३. राष्ट्रिय फूल लाँलिगुराँस वन संरक्षण तथा अनुसन्धान कार्य अगाडि बढाइनेछ ।

४. वन फडानी र वन डढेलो निरुसाहित गरी वन व्यवस्थापन र लोपोन्मुख वन्यजन्तु संरक्षणमा जोड दिईनेछ ।

५. सामुदायिक वन तथा निजी वन दर्ता, नविकरण र व्यवस्थापन कार्यलाई प्रोत्साहन गरिनेछ ।
६. वन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धि विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।
७. गाउँपालिका भित्रका भूक्षय प्रभावित क्षेत्रहरुको अध्ययन गरि संघ तथा प्रदेश सरकारको सहयोगमा उक्त क्षेत्रको संरक्षण गर्ने नीति ल्याइनेछ ।
८. नाङ्गा डाँडाहरुमा बृक्षारोपण गर्ने वन क्षेत्रमा उपलब्ध हुने विभिन्न प्रजातिका रुख बिरुवा एंव जडीबुटी, फलफूललाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउन पहल गरिनेछ ।
९. पिल्कनदह देखि झुलाघाट सम्मको करिब ११० किमि चमल्यौगाड सँग प्रत्यक्ष सरोकार राख्ने अपि हिमाल मार्मा शैल्याशिखर दोगडाकेदार लेकम दशरथचन्दसँग चौलानी नदी सभ्यता अभियानका लागि नदी शुद्धता वातावरण र फोहोरमैला सरसफाई तथा मसानघाट सुधारका लागि विशेष कार्यक्रम संचालन गर्ने नीति ल्याइनेछ।

**२.वातावरण**

१. रिचार्ज पण्ड निर्माण कार्य संचालनमा ल्याइनेछ ।
२. सार्वजनिक शौचालय निर्माण कार्य निरन्तरता दिइनेछ ।
३. प्लास्टिकजन्य फोहोर प्रतिस्थापन गरि कपडाको झोलाको प्रयोग गर्ने व्यवस्था गरिनेछ ।
४. प्राकृतिक वातावरण संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ ।
५. नदी तथा खानीजजन्य पदार्थको उत्पादन अन्तरगत पानी, ढङ्गा, गिट्टी, बालुवा, खनिज लगायतको वस्तुलाई दिगो विकासमा असर नपर्ने गरि पर्यावरणीय अध्ययनका आधारमा मात्र उपयोग तथा उपभोग गर्ने नीति ल्याइनेछ ।
६. भौतिक पूर्वाधार संरचनाहरुको निर्माण गर्दा वातावरणीय पूर्व अध्ययन मूल्याङ्कन( IEE/EIA) अनुसार मात्र गरिनेछ ।
७. बाङ्गाबगर, देवगाउँ, जुकानीको पहिरो नजिकको प्रभावित क्षेत्रमा विशेष समुदाय सुरक्षा कार्यक्रम संचालन गरिनेछ ।

**३.फोहोरमैला व्यवस्थापन**

१. सार्वजनिक स्थान बजार मन्दिर विद्यालय कार्यालयमा कुहिने, नकुहिने, पुन प्रयोग गर्न मिल्ने तीन/तीन वटा डस्टबीन वितरण कार्य संचालन गरिनेछ ।
२. फोहोरमैला व्यवस्थापनका लागि गुरुयोजना निर्माण गरिनेछ ।
३. स्थानीय पाठ्यक्रममा फोहोरमैला सम्बन्धी पढाई शुरु गरिनेछ ।
४. चौलानी नदी शुद्धका लागि ७ वटै पालिकाको साझा कार्यक्रम तयार गरी नदी स्वच्छताको अगुवाई गरिनेछ ।
५. नदी तथा खोलामा अव्यवस्थित रुपमा फालिने ढलहरुको निकासको व्यवस्थापन गरिनेछ ।

६. स्वच्छ चौलानी सभ्याता अभियान कार्यक्रम संचालन गरिनेछ।

७. Dumping site selection गरि DPR तयार गरिनेछ ।

**४.वन वातावरण तथा विपद् व्यवस्थापन**

१. विपद कोष स्थापना गरिनेछ र तत्काल राहत पुर्याउने वातावरण तयार गरिनेछ ।

२. एन सि सि, नेपाल आर्मी ए पि एफ बाट विपद् व्यवस्थापन तालिम संचालन गरिनेछ ।

३. प्राथमिक उपचार बक्स वितरण गरिनेछ ।

४. सरकारी कार्यालय र विद्यालयमा सिसि क्यामेरा जडान गरिनेछ ।

५. ढल निकास भुक्षय नियन्त्रणका लागि जालि खरिद गरि वितरण गरिनेछ ।

६. विपद् व्यवस्थापन(Disaster Managemnet) Training First Aid Trainng युवाहरु लक्षित गरि संचालन गरिनेछ।

७. विभिन्न दैवी प्रकोप, आगलागि, बाढी पहिरो, भूकम्प जस्ता विपद्हरुमा परेकोहरुका लागि तत्काल आवश्यक सहयोगका लागि रेडक्रस रोसाइटी, स्काउट जस्ता स्वयंसेवकीय संघसंस्थाहरुसँग समन्वय र सहकार्यमा तत्काल उद्दार तथा राहत उपलब्ध गराउने नीति लिईनेछ।

८. प्रहरी चौकी स्वास्थ्य कार्यालय र विद्यालयहरुमा विपद् व्यवस्थापन सम्बन्धि आवश्यक सामग्री उपलब्ध गराउँदै लाने नीति ल्याइनेछ ।

९. रेडक्रसको पालिका स्तरीय उपशाखा स्थापना गर्न आवश्यक कार्य गरिनेछ ।

१०. पहिरो नियन्त्रण, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै LACC (लक) परियोजना संग जोड्दै जलवायु अनुकूल विकास निर्माण गर्ने कार्य कार्यान्वयनमा ल्याइनेछ।

११. डिलासैनि गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि सञ्चालित आकस्मिक कार्य सञ्चालन तथा पूर्व सूचना प्रणाली स्थापनाका लागि सम्बन्धित निकाय तथा संघ—संस्थासँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ। साथै, छिमेकी पालिकाहरू सँग समन्वय र साझेदारी क्रियाकलापहरू पनि सञ्चालन गरिनेछन्।

१२.गाउँपालिकाको पहिरो जोखिम क्षेत्रहरूमा बायो—इन्जिनियरिङ्ग प्रविधि र वृक्षारोपण सहित जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गरिने छन्।

१३.गाउँपालिका भित्रका सडकहरूका छेउछाउमा माटो अड्याउने, आयआर्जन र बहुउद्देश्यीय विरुवा वृक्षारोपण गर्न विभिन्न संघ—संस्था/निकायहरूको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिने नीति लिइएको छ।

१४. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (मार्फत सामुदायिक, कबुलियती वन तथा निजी जग्गामा आम्दानी हुने खालका जडीबुटीजन्य, बास्नादार तथा अन्य फलफुलका बिरुवाहरू वृक्षारोपण तथा पूर्वाधार निर्माण गरि स्थानीय जनताको आम्दानी वृद्धि सहित रोजगारी सिर्जना गरिने नीति लिइएको छ।

१५. पालिकाका विभिन्न क्षेत्रमा वृक्षारोपणका लागि आवश्यक बिरुवा उत्पादन गर्न बहुउद्देश्यीय नर्सरी स्थापना गरिनेछ।

डिलासैनी गाउँपालिका

१६. सामुदायिक तथा कबुलियती वनको कार्ययोजना नवीकरण गरी, सो वनमा संरक्षण, संवर्द्धन तथा सदुपयोग सम्बन्धी क्रियाकलापहरू साझेदार संस्थासँगको सहकार्यमा सञ्चालन गरिनेछ।

१७. जैविक विविधता संरक्षण तथा पारस्थितिक प्रणाली सुधारका निमित्त सामुदायिक तथा अन्य वन क्षेत्रहरूमा विविध संरक्षण क्रियाकलापहरू सञ्चालन गरिने छन्।

१८. गैर—काष्ठ वन पैदावारहरूको दिगो संकलन, प्रशोधन तथा वितरणका लागि कार्यक्रमहरू सञ्चालन गरिने छन्।

१९. चरिचरण नियन्त्रण तथा प्राकृतिक पुनरुत्पादन संरक्षणका निमित्त कार्यक्रमहरू सञ्चालन गरिने छन्।

२०. अपिनाम्पा संरक्षण क्षेत्र तथा सामुदायिक वन उपभोक्ता समितिहरूसँग सहकार्य गरी वन विनाश कार्यको रोकथाम गरिनेछ।

२१. वनमा हुने आगो लाग्ने घटना तथा भीर पाखामा फैलिने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदूषण न्यूनीकरण गर्न सूचना, शिक्षा तथा सञ्चार सामग्री विकास गरिनुका साथै सम्बन्धित सरोकारवालासँग समन्वयमा वन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिने छन्।जिबिकोपार्जन तर्फ  कृषक समूह लाई व्यावसायिक तथा बेमौसमी तरकारी खेती , घरवारी ब्यबस्थापन तालिम सङ्गै कृषक समूह मार्फत गृन हाउस निर्माण गरि आयाअर्जन  जोड दिइने छ

**ग) सामाजिक क्षेत्र**

**१.शिक्षा**

१. वडा र पालिका स्तरीय एकिकृत र नियमित परीक्षा संचालन संचालन गरिनेछ ।
२. शिक्षक तथा लोकसेवा तालिम कक्षा संचालन गरिनेछ ।
३. टुहुरा बालबालिकाका लागि मावि तह सम्मको आवासिय स्कूल संचालन गरिनेछ ।
४. स्टिम मेकरर्सस्पेसको विस्तृतिकरण र नमूनाका रुपमा केही विद्यालयहरुमा रोबोटिक्स सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
५. आधारभूत तहमा मन्टेश्वरी तालिम संचालन गरिनेछ ।
६. २ वटा विद्यालयलाई पालिका स्तरको नमूना विद्यालय स्थापना कार्यको निरन्तरता दिइनेछ ।
७. विद्यालय मर्ज कक्षा समायोजन दरबन्दी मिलान कार्य गरिनेछ ।
८. विभिन्न विधामा प्रतिभा पहिचान गरिनेछ ।
९. बाल क्लब गठन गरिनेछ ।
१०. शैक्षिक क्यलेन्डर कार्यान्वयन गरी एकरुपता कायम गरिनेछ ।
११. प्रथम ऐतिहासिक शैक्षिक सम्मेलनको घोषणापत्रको कार्यान्वयन गरिनेछ ।साथै कार्यक्रममा निरन्तरता प्रदान गरिनेछ ।
१२. विद्यालयमा विद्यार्थी शिक्षक कर्मचारी मापदण्ड र आचरण सुधार सँगै पिटी परेडका लागि भूपू प्रहरी - आर्मी मार्फत तालिम प्रदान गर्दै लगिनेछ ।
१३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको संगठन सर्वक्षण गरि दरबन्दी मिलान र समायानुकुल समायोजन गर्न शिक्षक

सेवा आयोग कै प्रकृया अनुसार योग्यताक्रमका आधारमा उत्कृष्टता हासिल गर्ने कर्मचारी तथा शिक्षकको भर्ना छनौट तथा पदस्थापना गर्ने कार्य कार्यान्वयन गरिनेछ ।

१४. सामुदायकि विद्यालयका सबै शिक्षकहरुलाई विषयगत पाठ्यक्रम अध्यापन गराउन पेशागत दक्षता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१५. सामुदायिक माध्यमिक विद्यालय सवलीकरण अन्तरगत विद्यागर्थीसँग स्वास्थ्यकर्मी कार्यक्रमको सुरुवात गरिनेछ ।

१६. पढ्दै कमाउदै कार्यक्रम अन्तरगत शिक्षालयहरुलाई उद्यमशालाको रुपमा विकास गर्दै लगिने नीति अबलम्बन गरिनेछ ।

१७. प्रत्येक हप्ताको शुक्रबार बहुआयामिक प्रतिभा पहिचानका लागि अतिरिक्त तथा सृजनात्मक क्रियाकलाप सञ्चालन गरिनेछ ।

१८. अन्तर विद्यालयहरुको प्रतिस्पर्धाको माध्यमबाट प्रत्येक विधाबाट उर्त्कष्ट समूहलाई गाउँपालिका स्तरिय रचनात्मक समूहको रुपमा निर्माण गर्ने नीति लिइनेछ ।

१९. विद्यालय पहुँच भन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने बालबालिकालाई विद्यालय भित्र्याउन आवश्यक पहल गर्ने नीति लिईनेछ ।

२०. सुविधा सम्पन्न पालिका स्तरिय सार्वजनिक पुस्तकालय स्थापना गर्न पहल गरिनेछ ।

२१. स्थानीय पाठ्यक्रमलाई समायानुकुल परिमार्जन गर्दै पाक शिक्षा तथा नैतिक शिक्षा नियमित शारीरिक व्यायामका विषयहरु समाविष्ट गर्ने नीति अघि सारिनेछ ।

२२. प्रत्येक वर्ष गाउँपालिका अन्तरगतको सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षकलाई सम्मान गरिनेछ ।

२३. विद्यार्थीको नियमित परीक्षा संचालन तथा मूल्याङ्कनमा कडाई गर्ने र प्रत्येक शैक्षिक सत्रमा शिक्षकहरुको समेत मूल्याङ्कन गर्ने नीति अवलम्बन गरिनेछ ।

२४. समयसापेक्ष रुपमा शिक्षक कर्मचारीहरुको सेवा सुविधा बृद्धि गरि कार्यान्वयन गरिनेछ ।

२५. सामुदायिक अध्ययन केन्द्रहरुलाई जनउपयोगी, व्यवहारिक र प्रभाकारी रुपमा संचालनमा ल्याइनेछ ।

२६. विद्यालयस्तरमा खेलकुद गतिविधिलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२७. आवश्यकताका आधारमा छोटो अवधिका तालिमहरु, लोकसेवाका तयारी कक्षाहरु साथै कक्षा ८, ९ र १० मा अंग्रेजी, गणित, विज्ञान र स्वास्थ्य विषयको अतिरिक्त कक्षा(कोचिङ क्लास) सञ्चालन गर्ने नीति लिइनेछ ।

२८. बालबालिकाहरुलाई सिकाइका लागि अन्वेषणात्मक नमूना प्रयोगशाला स्थापना गरिनेछ ।

२९. सार्वजनिक शिक्षा सबलीकरण दशक(२०७६।२०८६) लाइ सफल पार्न सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक, प्रशासनिक, कानुनी लागायतका विविध पक्षमा आवश्यक परिमार्जन तथा सुधार गरिने छ ।

३०. आर्थिक रुपमा कमजोर र विद्यार्थी संख्या बढी भएका विद्यलायहरुमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शैक्षिक सामग्री वितरण कार्यक्रम संचालन गरिनेछ ।

३१. विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

३२. स्थानीय स्काउट र नेपाल रेडक्रससंग कार्यक्रम संचालन गरि कार्यान्वयन गरिनेछ ।

३३. विद्यालय सेवा क्षेत्रभित्रका कृषि सहकारी कृषक समूह वा कृषि फर्महरुसँगको सहकार्यमा विद्यालय दिवाखाजामा अनिवार्य रुपमा रैथाने बालीको प्रयोग गर्न प्रोत्साहन गरी रैथाने बाली प्रवर्द्धनका लागि आवश्यक कार्य गरिने छ ।

३४. अन्तरविद्यालयगत प्रतिस्पर्धाका आधारमा विभिन्न विधाका उत्कृष्ट विद्यार्थीका रचना बैक स्थापना गरी विशिष्ट प्रतिभालाइ प्रोत्साहन गर्ने नीति लिइने छ ।

३५. गाउँपालिका स्वयम सेवक शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक समसामयिक रुपमा परिमार्जन गर्दै दक्ष तथा उच्चतम शैक्षिक योग्यता भएका व्यक्तिहरुलाइ शिक्षण कार्यमा प्रोत्साहन गरिने छ ।

३६. विद्यालयहरुको नियमित अनुगमन गरी सामुदायिक विद्यालयहरुको शैक्षिक ,भौतिक ,प्रशासनिक लगायतका विविध पक्षमा समसामयिक सुधार तथा परिमार्जन गरिने छ

३७. राष्ट्रपति रनिङ सिल्ड तथा पालिका स्तरीय खेलकुदलाइ मितव्ययी ,व्यवस्थित र पारदर्शी रुपमा सञ्चालन गर्न आवश्यक कार्यविधि बनाइ खेलकुदका गतिविधिलाइ प्रोत्साहन गरिने छ ।

३८. सामुदायिक सिकाइ केन्द्रहरु मार्फत् निरक्षरहरुको तथ्याङ्क सङ्कलन गर्न लगाइ साक्षरता अभिवृद्धि गर्ने तथा सामुदायिक सिकाइ केन्द्रहरुलाइ सार्वजनिक वाचनालयका रुपमा स्तरोन्नति गरिने छ ।

३९. बालमैत्री विद्यालय तथा गुणस्तरीय शिक्षाको लागि दश वर्षे शिक्षा योजना लागु गरिने छ । त्यसका लागि प्रारम्भिक बालविकास प्रवर्द्धन बृहत सुरक्षा योजना बनाई लागु गरिने छ ।

४०. उच्च शिक्षा अध्यापन गर्ने कलेजहरुलाइ गुणस्तरीय जनशक्ति उत्पादन गर्न आवश्यक सहयोग र प्रोत्साहन गर्नुका साथै उत्कृष्ट विद्यार्थीहरुलाइ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा परिचालन गरिने छ ।

४१. विद्यालय पहुँच भन्दा बाहिर रहेका बीचमै विद्यालय छाड्ने बालबालिकालाइ विद्यालय शिक्षाको मूल धारमा ल्याउन आवश्यक व्यवस्था गरिने छ ।

४२. विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था ,शिक्षक विद्यार्थी अनुपात तथा प्रचलित कानुन बमोजिम शिक्षक दरबन्दी मिलान एवम् विद्यालय मर्ज गर्ने नीति अवलम्बन गरिने छ ।

४३. आर्थिक रुपमा कमजोर र विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक शैक्षिक सामग्री वितरण गरिने छ ।

४४. प्राविधिक शिक्षा अध्ययनरत छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

४५. सेटी बहुमुखी क्याम्पस गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेज सेटीगाउँ मावि दुर्गा नमूना मावि सिमारको शैक्षिक गुणस्तर सुधार तथा भौतिक पूर्वाधार विकास छात्रवृत्ति कार्यक्रम, इन्टर्नसिप लगायतका कार्यमा आवश्यक समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।

४६. अभिभावक शिक्षा नियमित संचालन गरिनेछ ।

**२.स्वास्थ्य**

१. स्वास्थ्य संस्था Minimum Service Standard (MSS) निर्धारण सुनिश्चितता गर्ने नीति ल्याइनेछ ।

२. नवजात र बाल तथा मातृ मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ ।

३. आखाँ उपचार केन्द्र स्थापना गरिनेछ ।

४. जन्मजात अपाङ्गता भएका र दुर्घटनाका कारण अंगभंग भई असहज जीवनयापन गरिरहेकाहरुको हर सम्भव उपचार र पुनस्थापन गर्न आवश्यक कार्य गरिनेछ ।

५. डिलासैनी १० शैय्या अस्पतालबाट २४ घण्टा आकस्मिक तथा चिकित्सकिय सेवा प्रवाह गर्नुका साथै टोल टोलमा डाक्टर कार्यक्रम बनाई लागु गरिनेछ ।साथै साझा औषधि पसल संचालनका लागि आवश्यक जनशक्ति सहितको व्यवस्था मिलाईनेछ ।

६. एक्सरे सेवा, प्रयोगशाला सेवा, USG सेवा प्रवाह गरिनेछ ।

७. गर्भावस्था मै अपाङ्गता पहिचान (१८-२१ हप्ताभित्र Anomaly Scan) गर्न जिल्ला अस्पताल बैतडी र डडेल्धुरा अस्पतालसँग सहकार्यमा रेडियोलोजी सेवा प्रवाह गरिनेछ । उक्त

प्रकारका गर्भवती महिलाहरुलाई यातायातको व्यवस्था गर्ने नीतिलाई निरन्तरता प्रदान गरिनेछ ।

८. डिलासैनी अस्पताल, रुद्रेश्वर स्वास्थ्य चौकी, रुद्रेश्वर स्वास्थ्य चौकी र कोटपेटरा स्वास्थ्य चौकीमा टेलिमेडिसिन सेवा संचालन गरिनेछ ।

९. कुपोषित र अपाङ्गता भएका बालबालिकासँग अध्यक्ष कार्यक्रम संचालनमा ल्याईनेछ ।

१०. जन्मजात अपाङ्गता भएका वा दुर्घटना परि घाइते भएका तर उपचार पुर्याउन सक्दा कृत्रिम हात, खुट्टा वा औजार उपकरण प्रदान गर्ने तथा पुर्नस्थापना गर्न सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने नीति ल्याइनेछ ।

११. मनोसामाजिक परामर्श सेवा संचालन निरन्तरता दिने नीति ल्याइनेछ ।

१२. युएसजी मार्फत सबै वडामा गर्भवती जाँच गर्न उपयुत्त तालिम तथा उपकरणको व्यवस्था गरिनेछ ।

१३. बर्थिङ सेन्टर, खोप केन्द्रहरुको पूर्वाधार निर्माण तथा गुणस्तर सुधार योजना संचालनमा ल्याइनेछ ।

१४. सबै आमा समूहहरुलाई थप जिम्मेवार एवम् प्रभावकारी बनाउन स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई विशेष प्रोत्साहन भत्ता प्रदान गर्ने नीति ल्याइनेछ ।

१५. ANC/PNC चेकजाँच तथा संस्थागत सुत्केरीका लागि घर देखि अस्पताल सम्म जान यातायात भत्ता प्रबन्ध गर्ने नीति अबलम्बन गरिनेछ ।

१६. पालिका स्तरिय १० शय्याको अस्पताल निर्माण कार्य यथाशिघ्र संचालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने नीति ल्याइनेछ ।

१७. नसर्ने रोगको स्कृनिङ गरि दीर्घ रोगीहरुका लागि आवश्यक औषधी सम्बन्धीत वडाबाटै प्रदान गर्ने नीति ल्याइनेछ र दीर्घ रोगीहरुको स्वास्थ्य बिमा अनिवार्य गरिनेछ ।

१८. बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता दिइनेछ । साथै विशेष अनुदानका लागि सम्बन्धीत निकायसँग पहल गरिनेछ ।

१९. निर्माण सम्पन्न भई सकेका सबै आधाभूत स्वास्थ्य सेवा केन्द्र र बर्थिङ सेन्टरहरुमा औषधी उपकरण तथा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२०. आर्युवेद सेवा केन्द्र संचालन गर्न तथा शिविर संचालन गर्ने सम्बद्ध पक्षसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

२१. स्वस्थ जीवनशैनी, पोषण, शारिरीक व्यायम, योगभ्यास, पञ्चकर्म लगायतका जन स्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।

२२. स्वास्थ्यकर्मीहरुलाई SBA लगायत विभिन्न क्षमता अभिवृद्धि तालिम कार्यकमहरु संचालन गरिनेछ ।

२३. FCHV लाई प्रोत्साहन भत्ता तथा सामग्री वितरण गर्ने नीति अबलम्बन गरिनेछ ।

**३.खानेपानी तथा सरसफाई**

१. जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावस्वरूप गाउँपालिकाभित्र पानीका प्राकृतिक स्रोतहरू क्रमशः सुक्दै गएका छन्। यस्तो अवस्थामा, दिगो खानेपानी सेवा प्रवाह र जलस्रोत संरक्षण अपरिहार्य बनिरहेको छ। यस सन्दर्भमा डिलासैनी गाउँपालिकाले निम्न नीतिहरू अवलम्बन गर्नेछ ।

२. ‘एक घर–एक धारा’ अवधारणाको विस्तार र बहुउपयोगी योजना निर्माणः ‘एक घर एक धारा’ नीतिलाई निरन्तरता दिँदै जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) संगको साझेदारीमा थप खानेपानी तथा

बहुउपयोगी योजनाहरू निर्माण गरिनेछ। यसले घर–घरमा सुरक्षित पानी आपूर्ति सुनिश्चित गर्नुका साथै सिंचाइ, सरसफाइ र अन्य प्रयोजनमा पनि योगदान पुऱ्याउनेछ।

३. पानीका मुहान संरक्षण र पुनर्भरण संरचना निर्माणः जलस्रोतको संरक्षण तथा पुनःभरणको लागि पुनर्भरण पोखरी, इनफिल्ट्रेशन ट्रेन्च, सिमसार सुधार लगायतका संरचना निर्माण गरिनेछ। यसका लागि सरोकारवाला निकायहरूसंग सहकार्य गर्दै समन्वित कार्यक्रम सञ्चालन गरिनेछ।

४. समस्याग्रस्त योजना पुनःव्यवस्थापन र सुख्खाग्रस्त क्षेत्रमा वैकल्पिक उपायः अप्रभावकारी तथा बन्द अवस्थामा रहेका खानेपानी योजनाहरूको पुनःमूल्याङ्कन, सुधार र पुनःसञ्चालन गरिनेछ।

५. नीतिगत योजना र एकीकृत जलस्रोत व्यवस्थापन कार्यान्वयनः गाउँपालिकाको समग्र वास योजना, स्थानीय अनुकूलन कार्ययोजना तथा एकीकृत जलस्रोत व्यवस्थापन योजना सरोकारवाला निकायहरूसँग सहकार्यमा तयार गरिनेछ र सोही आधारमा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्।

६. सरसफाई र संरक्षणकर्तालाई प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

७. उपभोक्ता समितिलाई औजार उपकरण व्यवस्था गरिनेछ ।

८. एक घर एक धाराको सरकारी नीतिलाई गाउँपालिकाको हकमा समेत आत्मसात गर्दै जाने नीति अबलम्बन गर्ने नीति लिइनेछ ।

९. सामुदायिक विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री शौचालयको अवधारणा कार्यान्वयन गरिनेछ ।

१०. आवश्यकताका आधारमा विद्युतीय लिफ्टिङ खानेपानी योजना सन्चालन गर्ने नीति लिइनेछ ।

११. जिविकोपार्जन, सुशासन लागायतका क्षेत्रमा विकास साझेदार संस्थाहरुले पुर्याएको महत्वपूर्ण योगदानको सम्मान गर्दै पानीका मुहान पहिचान सूचीकरण तथा मर्मत कार्यका लागि प्राथमिकरणमा रहेका खानेपानीका आयोजनाहरुको कार्य अगाडि बढाउने नीति अबलम्बन गरिनेछ ।

**४.महिला, बालबालिका, जेष्ठ नागरिक तथा शहिद परिवार(सामाजिक संरक्षण तथा सामाजिक सुरक्षा र घटना दर्ता)**

१. शहिद सम्मान कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

२. शहिद उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।

३. शहिदको जीवनी प्रकाशन गर्न सम्बन्धित शाखा मार्फत विशेष अध्ययन समिति निर्माण गरी आवश्यक कार्य गरिनेछ ।

४. खोज तथा अनुसन्धान स्मारिका प्रकाशन गर्दै लगिनेछ ।

५. सामाजिक सुरक्षा भत्ता वितरण गर्न यातायातको व्यवस्था गरि टोलमा सेवा प्रवाह गरिनेछ ।

६. एकल महिला उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ ।

७. गणतन्त्र स्थापनाका लागि सहादत प्राप्त गर्नुहुने महान शहिदहरुका परिवारहरुलाई सम्मान स्वरुप मासिक रु. ३०००।(अक्षरेपी रु तीन हजार मात्र।) सम्मान भत्ता दिने कार्यकमलाई निरन्तरता दिइनेछ ।

८. ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९. एकल महिला तथा दलित महिलाका लागि अनिवार्य नि:शुल्क स्वास्थ्य बीमा कार्यकम मापदण्ड बनाइ लागु गरिनेछ ।

१०. महिलाहरुको क्षमता अभिबृद्धि र आयमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

११. लैंगिक हिंसा तथा महिलालाई गरिने दुर्व्यवहार रोक्न शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

१२. महिनावारीका बखत गरिने छुवाछुत, बालविवाह तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभियान संचालन गरिनेछ ।

१३. प्रत्येक गाउँ टोलमा असल आमा समूह गठन गरि सचेतनामूलक कार्यक्रम सञ्चालनमा निरन्तरता गरिनेछ ।

१४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुल प्रवाहिकरण रणनीति निर्माण गर्ने नीति लिइनेछ ।

१५. बालबालिकालाई सबै किसिमका दुर्व्यवहार, यातना, अपहरण र भेदभावमुक्त बनाउन आवश्यक पहल गरिनेछ ।

१६. बालमैत्री स्थानीय तह निमार्ण  गर्न आवश्यक पहल गरिनेछ ।

१७. टुहुरा बालबालिकाहरु, जन्मजात अपाङ्गता वा दुर्घटनामा परि अंगभंग भएका व्यक्तिहरुको लगत संकलन गरि पुनःस्थापनाको कार्य सञ्चालन गर्ने नीति लिइनेछ ।

१८. प्रत्येक गाउँ टोलमा बाल क्लब गठन गरी बाल अधिकार, बाल संरक्षण, बाल सहभागिता मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९. सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्यक्रमलाई एम.आई.एस. प्रणालीमा आधुनिकीकरण गरी प्रभावकारी बनाइनेछ।

२०. सामाजिक सुरक्षा भत्ता नविकरण, घटना दर्ता सहजीकरण, र परिचयपत्र वितरण जस्ता कार्यक्रमहरू प्रभावकारी बनाउन प्रचार–प्रसार अभियान सञ्चालन गरिनेछ।

२१. विद्यालय तहका बालबालिकालाई व्यक्तिगत घटना दर्ताको महत्त्वबारे सचेतनामूलक कार्यक्रम गरिनेछ।

२२. Biometric Verification प्रणाली प्रयोग गरेर लाभग्राहीको पहिचान गरी भत्ता वितरण प्रणाली व्यवस्थित गरिनेछ।

२३. घटना दर्तालाई प्रभावकारि बनाइ  सत प्रतिशत लक्ष्य मा पुर्याउन जोडदिइने छ

## ७.युवा तथा खेलकुद

१. अध्यक्ष कप संचालन गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ ।

२. पालिका जिल्ला र प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्डमा बलियो उपस्थितिका लागि आवश्यक कार्य गरिनेछ ।

३. एक विद्यालय एक खेलमैदान निर्माण गरिनेछ ।

४. खेलाडी सूचीकरण र विद्यालयमा खेलकुद समिति गठन गरी थप व्यवस्थित गरिनेछ ।

५. एक गाउँपालिका एक खेलमैदान कार्यक्रम अन्तरगत हरिनगर खेलमैदानलाई सुविधा सम्पन्न रंगशाला निर्माण गरिनेछ । निर्माण गरिएका सबै खेलमैदानहरुको संचालन तथा संरक्षण गर्ने नीति लिइनेछ ।

६. पालिका स्तरिय नमूना युवा संसद संचालन गर्ने र स्काउट, रेडकस जस्ता स्वयंसेवी संस्थाहरुका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

७. स्वयंमसेवक युवा सञ्जाल गठन गरि युवाहरुलाई परोपकारी तथा लोककल्याणकारी कार्य गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८. युवा उद्यमीहरुका निमित्त आवश्यकताका आधारमा उद्यमशीलता विकास तथा वित्तीय साक्षरता सम्बन्धी तालिम सञ्चालन गरिनेछन ।
९. लागुपदार्थ दुव्यशनी न्यूनीकरण नागरिकता, मतदाता तथा घटना दर्ता, संविधानको कार्यान्वयन, सडक दुर्घटना न्यूनीकरण, सडक नाटकका लागि युवा परिचालन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. अधिकारसँगै कर्त्तव्य बोध गराउन समाजका लागि युवाको एक दिन कार्यक्रम सञ्चालन गरिनेछ ।
११. अध्यक्षसँग युवा कार्यक्रम संचालनमा ल्याइ युवाहरुमा रहेको बहुआयामिक प्रतिभालाई प्रस्फुटन गरि विकासका लागि हातेमालो कार्यक्रम संचालनमा ल्याइनेछ ।
१२. Youth Talent Hunt कार्यक्रम संचालनमा ल्याईनेछ ।
१३. राष्ट्रपति रनिङ्ग शिल्ड प्रभावकारी र परिणाममुखी बनाउन खेलकुद विकास समितिलाई सुदृढ बनाउदै लगिने नीति ल्याईनेछ ।

घ) **भौतिक पूर्वाधार क्षेत्र**

१. प्रमुख प्रशासकीय भवन निर्माणको कार्य संचालनलाई निरन्तरता दिइनेछ ।
२. घर नक्सा पासको मापदण्ड समयसापेक्ष रुपमा संशोधन एवम् परिमार्जन गरिनेछ ।
३. वडा कार्यालयहरु वडा नं ४, ६ र ७निर्माण कार्य गरिनेछ ।
४. गाउँपालिका अन्तरगतका सबै सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु, वडा कार्यालयहरु र अन्य कार्यालयहरुको मर्मत सम्भार, नेपाल सरकारले तोके बमोजिमको रंगरोगन कार्य गरिनेछ ।
५. एक टोल एक साझा क्षेत्र घोषणा कार्य गरिनेछ ।
६. टोल विकासका लागि न्यूनतम सामग्री हस्तान्तरण कार्य गरिनेछ ।
७. पालिका स्तरीय सडक गुरुयोजना निर्माण गरी कार्यान्वयनमा लिइनेछ ।
८. १० शैय्याको अस्पताल निर्माण कार्य संचालनको लागि निरन्तरता दिइनेछ ।
९. विद्यालय निर्माणका लागि एकमुष्ठ आवश्यक स्रोत व्यवस्था गरिनेछ ।
१०. एक टोल सय बोरा सिमेन्ट प्रदान गर्ने र अत्यावश्यक ठम्याईएका विकास निर्माणमा टोल विकास समितिलाई गर्न प्रोत्साहन गरिनेछ ।
११. पूर्वाधार विकास टोल विकास समिति मार्फत गर्ने प्रबन्ध गरिनेछ ।
१२. पालिका स्तरमा एक साझा विहेघर र प्रत्येक वडा स्तरमा एक साझा विहे घर निर्माण गर्न आवश्यक समन्वय गरिनेछ ।
१३. बस्ती, टोल, समुदाय, वडाबाट पहिचान गरिएका भौतिक पूर्वाधारका क्षेत्रहरुको निर्माणमा जोड दिइनेछ ।
१४. गाउँपालिका केन्द्र देखि सबै वडा कार्यालय जोड्ने सडकहरुलाई स्तरउन्नत्ति तथा कालोपत्रे गर्न प्राथमिकता दिईने छ ।
१५. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट निर्माण गरिएको सोलिङ्ग बाटोहरुलाई पिसिसि स्तरोन्नती गरिनेछ ।

१६. देउभ्फाडी, सेरा, नगराउँ, डिलासैनी, मठैराज, हाट सडक आयोजनालाई राष्ट्रिय राजमार्गबाट गापा केन्द्र धामीगाउँ जोड्ने पालिकाकै गौरवको आयोजनाका रुपमा विकास गरिनेछ । राष्ट्रिय राजमार्ग देखि गापा केन्द्र जोड्ने सडक निर्माण गर्न पहल गरिनेछ ।
१७. मुख्य बसबिसौनीहरुमा यात्रु प्रतिक्षालय निमार्ण कार्यक्रम संचालन गरिनेछ ।
१८. नमूना माविका रुपमा संचालित दुर्गा मावि सिमारमा इन्जिनियरिङ संकायमा अध्ययनरत विद्यार्थीहरुको दक्षता विकासका लागि गापा द्वारा संचालित विकास आयोजनाहरुसँग सहभागी गराइनेछ ।
१९. गाउँपालिका भरिका सबै वडामा विद्युतीकरण गर्ने कार्यमा विशेष जोड दिइनेछ ।
२०. डिलासैनी गाउँपालिका भित्र निर्माण हुने सबै घरहरुको नक्सा पास गरी भुकम्प प्रतिरोधि बनाउने नीति लिईने छ ।
२१. गाउँपालिका भित्र लागत सहभागिताका योजनाहरु संचालनमा प्राथमिकता दिइनेछ ।
२२. प्राविधिक कर्मचारीहरुका लागि पुनःताजगी तथा अभिमुखिकरण तालिमहरु संचालनमा ल्याइनेछ ।
२३. समयावधि भित्र गुणस्तरिय कार्य सम्पन्न गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
२४. डिलासैनी गाउँपालिकामा तपसिल बमोजिमका सडकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

- सरस्वती मावि देखि नानरा रामाला हुँदै गापा केन्द्र जोड्ने सडक
- सिमार खडीखान सप्यविप्या हुँदै पुचौंडी सडक
- द्वारी कालापानी ओडेढुङ्गा ठटया हुँदै पुचौंडी सडक
- नुवाकोट धन्नाशी हुँदै पुचौंडी सडक
- पंचायतघर कफल्टा तेलीगाउँ जमाडी रिम सडक
- नेगाउँ पाडी खौलाबजार दोगडाकेदार सडक
- जोखल्ली पिडारु सडक
- सौनगाउँ नगराउ सडक
- खिलगाड खुमट झले गनैखान पर्यटकीय सडक
- Track Open भएका सबै सडकको स्तरोन्नती गरिनेछ ।

## १.उर्जा र वैकल्पिक उर्जा

१. बजार क्षेत्र र मन्दिरहरुमा सौर्य बत्ति जडान कार्य गरिनेछ ।
२. डिलासैनी गाउँपालिका भित्र रहेका नदी तथा खोलाहरुमा लघु जलविद्युत उत्पादनका लागि सम्भाव्यता अध्ययन गरि आवश्यक प्रकृया अगाडि बढाइनेछ ।
३. वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
४. गापालाई धुँवा रहित क्षेत्र घोषणा तथा नवीकरणीय उर्जामा महिलाको पहुँच वृद्धि गर्नका लागि घरभित्रको धुवाँमुक्त अभियानलाई सफल बनाउन आधुनिक सुधारिएको चुलोको आवश्यक प्रबन्ध गरिनेछ ।
५. विद्युतीय चुलोमा अनुदान प्रदान गरिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१. गाउँपालिकाले हाल सम्म दिइदै आएको आर्थिक सहायता कार्यक्रम शिर्षकमा आगामी वर्षबाट रकम विनियोजन गरिनेछैन ।

२. नेपाल सरकारले कार्यान्वयनमा ल्याएको स्वास्थ्य बीमा कार्यक्रम र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३. बेरुजु शुन्य पालिका बनाउन आवश्यक कानुनी प्रक्रिया गर्ने नीति लिइनेछ । डिजिटल प्रोफाइलिङ कार्य गरिनेछ ।

४. सबै वडामा विद्युतीय माध्यमबाट राजस्व संकलन गरिनेछ ।

५. गा पा र इन्टरनेट तथा विद्युतको पहुँच भएकोमा इ हाजिरी दर्ता चलानी कार्यक्रम संचालन गरिनेछ ।

६. दिगो विकास लक्ष्य स्थानीयीकरण गरि कार्यान्वयन गरिनेछ ।

७. मासिक मूल्याङ्कन र पृष्ठपोषणका लागि जनप्रतिनिधि कर्मचारी बैठक संचालन गरिनेछ ।

८. उत्कृष्ठ कर्मचारी सम्मान गरिनेछ ।

९. सबै सरकारी सेवा प्रदायक निकायले मासिक सार्वजनिक सुनुवाई र सामाजिक संजालको उच्चतम उपयोग मार्फत सेवा प्रवाह गर्ने नीति लिइनेछ ।

१०. संगठन संरचना प्रतिवेदन कार्यान्वयन गरिनेछ।

११. आन्तरिक नियन्त्रण प्रतिवेदन कार्यान्वयनमा ल्याइनेछ।

१२.डिलासैनी Data Bank(DDB) – For Profiling को अवधारणा कार्यान्वयन गरिनेछ ।

१३.परिमाण, गुणस्तर, क्षमताका आधारमा प्राकृतिक स्रोत तथा मानव जनशक्तिको अभिलेखिकरण (Resource Mapping – In the form of quantity, quality, Potentiality) गरि आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

१४.दिगो विकासको लागि अल्पकालीन मध्यकालीन र दीर्घकालीन योजना तयार गरी(Detail Project Bank) कार्यान्वयन गरिनेछ ।

१५.दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण र आन्तरिकीकरण गरि कार्यान्वयन गरिनेछ ।

१६.Public Private Partnership(PPP) सार्वजनिक निजि साझेदारीमा सामाजिक विकासका कार्यहरु संचालन गरिनेछ ।

१७.सामाजिक परिक्षण कार्य गरिनेछ ।

१८.विकास साझेदार संघ/संस्था तथा निकायहरुसँग सहकार्य, सहलगानी गर्ने नीति अबलम्बन गरिनेछ ।

१९.पुराना भुक्तानीको लागत संकलन गरी यथार्थ भुक्तानीका लागि आवश्यक छानबिन समिति गठन गरि कानून बमोजिम कारवाही अगाडी बढाइनेछ ।

२०.SaMi, LACCP तथा अन्य परियोजनाहरुको लागत साझेदारी आवश्यक हुने दायित्व कार्यान्वयन गरिनेछ ।

२१.लोकसेवा आयोग र शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन गरिनेछ ।

**१. सार्वजनिक जग्गा संरक्षण**

१. गाउँपालिका स्थापना काल देखि हाल सम्मका जिन्सी सामग्री(ल्यापटप, फर्निचर, मोटरसाइकल, स्वास्थ्य उपकरण लगायतका अन्य) सामग्रीहरु यथार्थ विवरण संकलन गरि अद्यावधिक गरिनेछ ।
२. नापी र मालपोत कर्मचारीहरुबाट नक्सांकन र नियमन गर्ने नीति लिइनेछ ।
३. सार्वजनिक स्थलमा अवैधानिक रुपमा बनेका संरचना हटाउने कार्यलाई तिब्रता प्रदान गरिनेछ ।
४. सरकारी जमीनमा माटो सुहाउँदो उत्पादन र उत्पादनमा आधारित अनुदान प्रदान गर्ने नीति ल्याइनेछ ।
५. गाउँ क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । ऐलानी/प्रर्तिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइनेछ र उक्त जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिनेछ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।

**३. सूचना प्रविधि तथा सञ्चार**

१. सबै कार्यालय मार्फत सामाजिक सुरक्षा र अनलाईन घटना दर्ता, सुत्र राजस्व मोड्युल मार्फत राजस्व संकलन, अनलाइन नागरिकता सिफारिस कार्य संचालनका लागि न्यूनतम पूर्वाधार निर्माणमा प्राथमिकता दिइनेछ।
२. रेडियो डिलासैनी संचालन कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।
३. युटुव च्यानल संचालनमा ल्याईनेछ ।
४. गुनासो एप संचालन गरी जनताको गुनासो जनप्रतिनिधि सँग कार्यक्रम संचालन गरिनेछ ।
५. न्यूज पोर्टल एण्ड प्रेस मिडियालाई थप व्यवस्थित गरी न्यूज पोर्टललाई समय सापेक्ष रुपमा अद्यावधिक गरिनेछ ।
६. विद्यालय तथा सरकारी कार्यालयमा फ्री वाईफाई/इन्टरनेटको पहुँच विस्तार कार्य गरिनेछ ।
७. डिलासैनी एफ.एम. ९६.८ मेगा हर्जबाट विभिन्न कार्यकमहरु नियमित कार्यतालिका बनाई प्रशारण गरिनेछ ।
८. सूचना प्रविधि उपकरणको व्यवस्था जस्तै दैनिक काममा उपयोग हुने उपकरणहरु कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, सर्भर खरिद तथा जडान गरिनेछ ।
९. इन्टरनेट तथा इन्ट्रानेट जडानः सामुदायिक सूचना केन्द्रहरु स्थापना, सेवा प्रदायकसँगको सहकार्यमा गा पा तथा वडाको बिचमा इन्टरनेट तथा इन्ट्रानेट जडान तथा सञ्जाल विस्तार गरिनेछ ।
१०. सर्वसाधारण तथा सेवाग्राहीको पहूँच हुने गरि निःशुल्क वाईफाई क्षेत्रको स्थापना गर्ने नीति ल्याइनेछ ।

११. कार्यालयले प्रदान गर्ने सेवा सूचना जानकारी गतिविधि प्रगति आदि सामग्री नियमित रुपमा वेबसाइट मार्फत नियमित अद्यावधिक गरिनेछ ।

१२. गाउँपालिकाका अधिकांश क्षेत्रमा गुणस्तरिय दुरसञ्चार सेवा प्रवाहका लागि 4G टावर निर्माणका पहल गरिनेछ ।

१३. सुरक्षाका दृष्टकोणले सम्वेदनशील बजार क्षेत्र, राष्ट्रिय राजमार्ग, मेला पर्व हुने स्थलहरु लगायतमा पनि CCTV जडान कार्य गरिनेछ ।

१४. सिसिटिभी क्यामेराको जडान तथा प्रयोग गरी कार्यालय भित्र तथा बाहिर भएका गतिबिधिहरुमा निगरानि राख्ने तथा सेवाग्राहीको चाप व्यवस्थापन गरिनेछ ।

१५. स्थानीय तहहरूका कर्मचारी र पदाधिकारीहरुको लागि कम्प्युटर संचालन सम्बन्धी आधारभुत तालिम गरिनेछ ।

१६. डिलासैनी आवाज dilasainiaawaj.com अनलाइन न्यून पोर्टल संचालनमा ल्याउने ।

## ४.राजस्व सम्बन्धी नीति

१. डिलासैनी गाउँपालिकाबाट संकलन हुने सबै प्रकारका राजस्वहरु सुत्र रेभिन्यु मोड्युल मार्फत संकलन गरिनेछ ।

२. आर्थिक ऐनको अक्षरःसह कार्यान्वयन गरिनेछ नीति कार्यान्वयन गरिनेछ ।

३. प्रविधिमैत्री राजस्व संकलन गरिदै लगिनेछ ।

४. राजस्व संकलनका लागि साक्षरता अभियान संचालन गरिनेछ ।

५. एकीकृत सम्पत्ति कर र व्यवसाय कर यसै आ.व.को शुरुदेखि लागु गरिनेछ । करबाट संकलित रकम सम्बन्धित वडाकै विकास निर्माणमा खर्च गर्ने नीति लिईनेछ ।

६. आन्तरिक आयका नयाँ र स्थायी श्रोतहरुको खोजी गरिने नीति लिइनेछ ।

७. कर नै समृद्धिको भर भन्ने मूल नाराका साथ गाउँपालिकाभित्र संकलन हुने कर राजस्वलाई विद्युतिय माध्यमबाट संकलनको व्यवस्था मिलाइ कर राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ ।

८. व्यवसाय दर्ता अभियान संचालन गरिनेछ ।

९. उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गरिनेछ ।

१०. राजस्व प्रशासनलाई चुस्तदुरुस्त बनाइ कराधारको संरक्षण गरि करको दर भन्दा दायरा फराकिलो बनाउदै कर चुहावटलाई नियन्त्रण गरिनेछ । साथै गाउँपालिकाबाट हुने सबै भुक्तानी विद्युतिय माध्यमबाट गरिनेछ ।

११. आर्थिक तथा राजस्व प्रशासनलाई सबल सक्षम र चुस्त बनाउनका लागि विशेष व्यवस्था गरिनेछ ।

१२. सात वटै वडा र पालिकामा रहेका राजस्व संकलन केन्द्रबाट राजस्व मोडुल पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

## ५. पेश्की/बेरुजु फछ्यौट सम्बन्धी नीति

१. शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

२. प्रक्रिया-रित पुगेको कामको समयमै फश्यौंट नभए जिम्मेवार शाखाको कर्मचारीबाट क्षतिपूर्ति लिने व्यवस्था अबलम्बन गरिनेछ ।

३. हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइनेछ ।
४. पुरानो पेश्की, बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्ब पेश्की फछ्यौट गराउन आवश्यक पहल गरिनेछ ।
५. असुलउपर बेरुजुका लागि निर्ममता पूर्वक कानुनी उपचार गर्ने नीति अनुरुप कार्य हुनेछ ।

## ७. भ्रष्टाचार निवारण कार्ययोजना

१. गाउँ कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिनेछ ।
२. सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदनुकुलको व्यवहार गर्दै लगिनेछ ।
३. डिलासैनी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय र यस अन्तरगतका वडा कार्यालयहरुलाई देशकै उत्कृष्ट नमूना कार्यालय र अनुकरणीय गाउँपालिका बनाउन चालु आ.व. देखि नै आवश्यक कार्यको थालनी गरिनेछ ।
४. कार्यालयको उजुरीपेटिका मार्फत उजुरी गुनासाहरुलाई हप्ताको एक पटक फछ्र्यौट गर्दै जाने नीति लिईनेछ ।
५. गाउँ कार्यपालिका कार्यालयमा सबै नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र राखिनेछ ।
६. गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट गाउँपालिका भित्रको बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

## ८. कर्मचारी प्रशासन

१. संगठन सर्वेक्षण रिपोर्ट अनुसार दरबन्दी सृजना र पदस्थापन गरिनेछ ।
२. सबै प्रकारका अस्थायी कर्मचारीको प्रत्येक आवमा परीक्षा संचालन वा कार्यमूल्यांकनका आधारमा मात्रै सेवा करार थप गर्ने नीति ल्याइनेछ ।
३. दरबन्दी बमोजिमको कर्मचारी माग गरी दक्ष र दरबन्दी तेरीज अनुसारको जनशक्तिको व्यवस्थापन गर्दै लागिनेछ ।
४. शैक्षिक योग्यता, कार्यक्षमता तथा कार्यअनुभवको मूल्याङ्कनका आधारमा कर्मचारीहरुको जिम्मेवारी हेरफेर गर्ने नीति अबलम्बन गरिनेछ ।
५. समान तह समान तलबमानको नीति अबलम्बन गरिनेछ ।
६. सेवा प्रदायक सबै संघसंस्था तथा कार्यालयहरुको नियमित अनुगमन, मूल्याङ्कन र कार्यसम्पादन कार्यलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
७. कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइनेछ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई मापदण्ड तोकी उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।
८. कर्मचारीलाई सेवा प्रति लगनशील र कर्त्तव्यनिष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइनेछ ।
९. डिलासैनी गाउँपालिका भित्र काम गर्ने कार्यरत करार कर्मचारीहरुको लागि अनिवार्य रुपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषको शुरुवात गरिनेछ ।

डिलासैनी गाउँपालिका

१०. सेवा प्रवाहमा जवाफदेहिता, पारदर्शिता सुशासन कायम गरिनेछ यसका लागि रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाहमा जोड दिइनेछ, नियमित सार्वजनिक सुनुवाईको व्यबस्था गरिनेछ ।

११. मुस्कान सहितको सेवा प्रणाली लागु गरिनेछ । गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा समेत गुनासो संयन्त्र निर्माण गरिनेछ ।

१२. स्थानीय तहका कर्मचारीहरुले अवकाशपछि प्राप्त गर्ने सुविधाको व्यवस्थापनका लागि कर्मचारी कल्याणकारी कोष स्थापना गरिने नितिलाइ निरन्तरता दिइने छ ।

१३. कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण आदिको व्यवस्था गर्ने नीति लिइनेछ ।

१४. अन्तर पालिको सहअस्तित्व, सहकार्य, समन्वय, आधारमा सार्वजनिक शिक्षाको सवलिकरण गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह, सामाजिक विकृति तथा विसंगतीको अन्त्य, रोजगारीका नयाँ अवसरको सृजना, सडक सञ्जाल, विद्युतीकरण, सञ्चार लगायतका बहुआयामिक पक्षहरुको सुधारका लागि साझेदारीका लागि अनुभव आदानप्रदानको नीति अवलम्बन गरिनेछ ।

**९.न्यायिक कार्य सम्बन्धी व्यवस्था**

१. राजपत्र प्रकाशन गरी सार्वजनिक रुपमा बिक्री वितरण गरिनेछ ।

२. कार्यविधि, ऐन, मापदण्ड, निर्देशिका अंग्रेजी अनुवाद गरिनेछ ।

३. न्यायिक कार्यलाई नियमन तथा व्यवस्थित गरिनेछ ।

४. विवाद निरुपणको कार्यलाई व्यवस्थित, न्यायोचित, गैरविभेदकारी बनाउने प्रयास गरिनेछ ।

५. गाउँपालिकाले न्याय निरुपण गर्ने विषयहरुको जानकारी गर्न प्रत्येक वडामा न्यायिक अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।

**६.** न्यायिक समिति मार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**७.** प्रत्येक वडा कार्यालयमा स्थापित मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि सेवा सुचारु गरिनेछ ।

**८.** माध्यमिक तहसम्मका विद्यालयहरुमा किशोरा अवस्थाका बालबालिकाहरुलाई लक्षित गरि न्यायिक अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९. न्यायिक समिति र मेलमिलाकर्ताहरुको क्षमता अभिवृद्धि कार्य गराईनेछ ।

१०. मेलमिलापकर्ताहरुलाई सूचिकृत गरी मेलमिलापकर्तालाई प्रभावकारी बनाउन प्रोत्साहनको व्यवस्था गरिनेछ ।

११. सबै ऐन कानून मापदण्ड निर्देशिका विद्येयक कार्यविधि अंग्रेजी भाषामा अनुवाद गरिनेछ ।

**१०. रोजगार कार्यक्रम**

१. छोटो अवधिको तालिम संचालन गरिनेछ ।

२. आवश्यकता बमोजिम उद्यम स्वरोजगारीका लागि साझेदारीका अनुदान कार्यक्रम संचालन गरिनेछ ।

३. न्यूनत्तम दिनमा ८ घण्टा र हप्तामा ४० घण्टा उत्पादनमूलक कार्यमा सक्रियतापूर्वक संलग्न गराउने नीति अवलम्बन गर्दै आयका स्रोतहरु वृद्धि गर्ने र कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने कार्यक्रम संचालन गरिनेछ ।

४. उत्पादनका आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।

५. वित्तीय संस्था तथा सहकारीहरु मार्फत युवा उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराई व्यवसायिक कार्ययोजना नै धितो रहने गरि पालिका अध्यक्षको रोहवरमा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

६. बैदेशिक रोजगारीबाट स्वदेश फर्किएका दक्ष तथा अर्धदक्ष युवाहरुको सिप हस्तान्तरण एवम् उपयोगबाट नयाँ रोजगारी सृजना गर्ने नीति अबलम्बन गरिनेछ ।

७. रोजगार शाखा मार्फत सिप विकास तथा परामर्श कार्य संचालन गरि सुरक्षित रोजगारीको अवसर प्रदानका लागि पैरवी गर्ने नीति लिइनेछ ।

८. गाउँपालिकाबाट संचालन हुने प्रत्येक विकास निर्माणका कार्यहरुमा बेरोजगार सूचीमा सूचीकृत श्रमिकहरुलाई प्राथमिकता दिईनेछ ।

**आदरणीय सदस्य महानुभावहरु**

जनता विकासको व्यग्र पतिक्षामा छन । सिमित श्रोत साधन कुशल परिचालन विना जनताका अपेक्षाहरु छोटा समयमै सम्बोधन गर्नु निकै जटिल चुनौतिको रुपमा रहेको छ । एकातिर संघियता संस्थागत भइसकेको छैन भने अर्कातिर दरबन्दी अनुसार दक्ष कर्मचारी समेत पुर्णता नपाएको अवस्था छ । सकारात्मक पक्षहरुलाइ व्यवहारमा लागु गर्दै समृद्ध र समुन्नत डिलासैनी निर्माणका लागि हामीले सुशासन सहितको तिव्र आर्थिक बृद्धि र दिगो विकास प्राप्त गर्नैपर्ने हुन्छ । यसरी सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा दिगो विकास का माध्यमवाट आम जनतालाइ प्रत्यक्ष परिवर्तनको अनुभुति गराउन सकेमा मात्र संघिय शासन व्यवस्था संस्थागत भइ लोकतन्त्र सुदृढ हुन सक्छ ।

डिलासैनी गाउँपालिकाको विकासका लागि अंगिकार गरिएका यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आम डिलासैनीवासी जनसमुदाय, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, कर्मचारी संयन्त्र, संचारकर्मी सबै निस्वार्थ ढंगले लागि परौं भन्ने यसै गाउँसभामार्फत आम डिलासैनीबासीमा हार्दिक अपील गर्दै सबैमा धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु । नमस्कार ।

धन्यवाद

सन्तोष प्रकाश जोशी
अध्यक्ष

डिलासैनी गाउँपालिका